धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे ।संखुवासभा १ नं. प्रदेश नेपाल

## सेवा करारमा पदपुर्ति सम्वन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७४/०९/२८

यस धर्मदेवी नगरपालिकाको कार्यालयमा रिक्त रहेको देहाय बमोजिमको पदमा २०७५ असार मसान्तसम्म करार सेवामा नियुक्ति गर्नु पर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुले धर्मदेवीनगरपालिकाको स्वीकृत दरखास्त फाराम भरी यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक दरखास्त फाराम पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नम्वर | पद/श्रेणी | सेवा/समुह | पद संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त शुल्क | कैफीयत |
|---|---|---|---|---|---|---|
| ०१/०७४/०७५ | ईन्जीनियर/ अधिकृत स्तर | ईन्जिनियरिङ/ सिभिल/जनरल /वि.आर | १ | मान्यता प्राप्त शिक्षँण संस्थाबाट सिभिल ईन्जिनियरिङ वा विल्डिङ्ग एण्ड आर्किटेक्चर विषयमा स्नातक वा सो सरह उर्तिण भएको | १००० | |
| ०२/०७४/०७५ | सुचना प्रविधि अधिकृत/अधिकृत स्तर छैटौ | विविध | १ | मान्यता प्राप्त शिक्षँण संस्थाबाट computer informarion& communication technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक -BIT,BIM ,BBIS,BCA,BCIS,BEIT, BSc IT ,BSc CSIT)उर्तिण भएको | १००० | |
| ०३/०७४/०७५ | सब- ईन्जीनियर/ सहायक पांचौ | ईन्जिनियरिङ/ सिभिल/जनरल /वि.आर | १ | मान्यता प्राप्त शिक्षँण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उर्तिण भएको | १००० | |

१. दरखास्त दिने स्थान - धर्मदेवी नगरपालिकाको कार्यालय मुढेशनिश्चरे संखुवासभा
२ परिक्षाको किसिम - प्राप्त खरखास्त मध्येवाट शैक्षिक योग्यता ,कार्यअनुभव र स्थायी ठेगानाको आधारमा मुल्यांकन गरी सबेभन्दा बढी अंक प्राप्त गर्ने उमेद्वार लाई सिफारिस गरिनेछ। साथै अंक बरावरी भएमा वा कुनै दुविधा भएमा अन्तरवार्ताको माध्यद्धारा छनोट गरीनेछ
३ दरखास्त दिने अन्तिमदिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट दरखास्त बुझाउन सबिनेछ ।
४. सम्पर्क मिति - अन्तिम मितिको भोलिपल्ट
५ परिषद्मा दर्ता हुनुपर्ने पदको हकमा सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ ।
६. काम गर्नुपर्ने स्थान - धर्मदेवी नगरपालिका क्षेत्र भित्र
७ तलव सुविधा -नेपाल सरकारको प्रचलित तलव स्केल बमोजिम । - विज्ञापन नं.०२/०७४/०७५ को हकमा मासिक तलव ४०,००० र स्थानिय भत्ता ७,५०० हुनेछ )
८ दरखास्त फारामसाथ पेस गर्नुपर्ने कागजातहरु - नेपाली नागरिकताको प्रमाणपत्र ,शैक्षिँक योग्यताको प्रमाणपत्र ,चारित्रिक प्रमाणपत्र ,अनुभवको प्रमाणपत्र ,परिषद्मा दर्ताको प्रमाणित प्रतिलिपिहरु र विदेशि बोर्ड वाट उर्तिणा भई शेक्षिक योग्यता प्राप्त गरेको उमेद्वारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ। साथै प्रतिलिपिको पछाडी उमेद्वार आफैले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।
९. उमेरको हद - दरखास्त दिने अन्तिम मितिसम्ममा सहायक स्तरको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र अबिधृत स्तरको हकमा २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
१०. दरखास्त दस्तुर वापतको रकम यस नगरपालिका बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ पेश गनुपर्नेछ ।
११ . यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०२९ - ४१४००६ मा सम्पर्क राख्न सकिनेछ ।
१२ सम्झौता र कार्य सुरु गर्नु पर्ने मिति - छनौट भएको उमेद्वार र यस नगरपालिका विच करार सेवा कार्य गर्न छनौट भएको मितिवाट ७ दिन भित्र सम्झौता गरी कार्य प्रारम्भ गर्नु पर्नेछ यदी सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उमेद्वार संग सम्झौता गरिनेछ ।

धर्मदेवी नगरकार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, संखुवासभा

प्रमुख प्रशासकीय अधिकृत